# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/०८१

चलानी नं. :-

मिति :- २०८०।१२।१३

**सूचना नं. : ४४**

## अपाङ्गता भएका व्यक्तिहरुले सहायता सामाग्री माग गर्ने सम्बन्धी सूचना !

सामाजिक विकास कार्यालय, कुश्मा, पर्वतको च.नं. ८९, मिति २०८०।१२।०९ गतेको पत्र तथा सोही कार्यालयको मिति २०८०।१२।०९ गते प्रकाशित सूचना बमोजिम सामाजिक विकास कार्यालयको चालु आर्थिक वर्ष २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार जिल्लाभित्र रहेका अपाङ्गता सहायता सामाग्री आवश्यक भएपनि आर्थिक अभावले गर्दा खरिद गरि उपयोग गर्न नसकेका अपाङ्गता भएका व्यक्तिहरुले दैनिक जिवनयापनमा सहजता ल्याउन विभिन्न किसिमका अपाङ्गता सहायता सामाग्री वितरण गर्ने कार्यक्रम रहेकोले यस विहादी गाउँपालिकाभित्र बसोबास गर्ने, सहायता सामाग्री आवश्यक पर्ने तर आर्थिक अभावका कारण खरिद गर्न नसकेका व्यक्तिहरुले आफ्नो अपाङ्गता परिचयपत्र सहित यहि मिति २०८०।१२।२३ गतेभित्र यस विहादी गाउँकार्यापालिकाको कार्यालयको महिला तथा बालबालिका शाखा तथा सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

२०८०।१२।१३

हरि प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत

मितिः

श्रीमान कार्यालय प्रमुख ज्यू,

सामाजिक विकास कार्यालय,

कुश्मा, पर्वत

विषयः अपाङ्गता सहायता सामाग्री पाउँ ।

महोदय,

प्रस्तुत सम्वन्धमा सामाजिक विकास कार्यालय पर्वतको मिति २०८०।१२।९ को अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायता सामाग्री वितरण गर्ने सम्बन्धि सूचनाबाट व्यहोरा जानकारी भएकोले तपसिल बमोजिमको विवरण सहित निवेदन पेश गरेको छु ।

१. नाम थरः

२. ठेगानाः

३. जन्म मितीः

४. अपाङ्गता परिचयपत्र नम्वरः

५. परिचयपत्र जारी गर्ने निकाय :

६. अपाङ्गताको किसिमः पूर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

७. अपाङ्गताको प्रकार : शारीरिक अपाङ्गता / दृष्टिविहिन सम्बन्धि अपाङ्गता / सुनुवाई सम्बन्धी अपाङ्गता / श्रवण

दृष्टिविहिन सम्बन्धी अपाङ्गता / बौद्धिक अपाङ्गता / स्वर र बोलाई सम्बन्धी अपाङ्गता / मानसिक र मनोसामाजिक अपाङ्गता / अनुवंशिय रक्तश्राव सम्बन्धी अपाङ्गता / अटिजम सम्बन्धी अपाङ्गता / बहुअपाङ्गता

८. संरक्षकको नाम थरः

९. संरक्षकको दस्तखतः

१०. माग गरेको अपाङ्गतौं सहायता सामाग्रिको किसिमः

११. निवेदन साथ अपाङ्ग परिचयपत्रको प्रतिलीपी संलग्न गर्नुपर्नेछ ।

निवेदकको दस्तखत